nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १४१ पृष्ठ ४ । शनिबार १० माघ २०८२ । SATURDAY, JANUARY 24, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्सा-१ मा चुनावी चहलपहल, पुराना र नयाँ दावेदारको प्रतिस्पर्धा




**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,०९ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पर्सा-१ मा चुनावी सरगर्मी तीव्र बनेको छ । पुराना राजनीतिक दलका अनुभवी उम्मेदवारसँगै नयाँ अनुहार र स्वतन्त्र विचार बोकेका उम्मेदवारले यस क्षेत्रको प्रतिस्पर्धा रोचक बनाएका छन् । होटेल तथा पर्यटन व्यवसायी बुद्धिबहादुर पन्त (हरी पन्त) राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को तर्फबाट 'जेनजी आन्दोलन'का मुद्दा लिएर मतदाताको घरदैलो अभियानमा सक्रिय छन् । उनी युवाकेन्द्रित एजेन्डा, सुशासन र नयाँ राजनीतिक संस्कृतिको नारासहित प्रचार-प्रसारमा जुटेका छन् । यस्तै, नेकपा एमालेबाट दल परिवर्तन गर्दै यसपटक उम्मेदवारी दर्ता गरेका पूर्वमन्त्री प्रदीप यादव लगातार तेस्रो पटक निर्वाचन जित्ने रणनीतिमा छन् । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पराजय भोगेका यादवले २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा)को तर्फबाट जीत हासिल गरेका थिए । नेपाली कांग्रेसका उम्मेदवार अनिल रुंगटा भने लामो समयदेखि प्रतिनिधिसभा निर्वाचनमा जितविहीन अवस्थालाई तोड्ने लक्ष्यसहित मैदानमा आएका छन् । उनी २०७४ सालमा जसपाका प्रदीप यादवसँग पराजित भएका थिए र यसपटक फेरि सोही प्रतिस्पर्धामा उत्रिएका छन् । यसैबीच, जसपाले नयाँ अनुहारलाई पर्सा-१ बाट उम्मेदवार बनाएको छ । पार्टीका पर्सा अध्यक्ष रामनरेश यादव यस चुनावमा सहभागी छन् । यादव २०७९ को निर्वाचनमा पर्सा-२ (ख) बाट प्रदेशसभा सदस्यको चुनावमा कांग्रेसका उम्मेदवारसँग केवल १,६५७ मतान्तरले पराजित भएका थिए । युवा नेता रामकिशोर सिंह (पराग) उज्यालो नेपाल पार्टीबाट उम्मेदवार बनेका छन् । उनले २०७४ सालको स्थानीय तह निर्वाचनमा १ मतको सानो अन्तरले हार भोगेका थिए भने २०७९ मा ४१४ मतान्तरले जित हासिल गरी आफ्नो राजनीतिक उपस्थिति मजबुत बनाएका थिए । नयाँ र पुराना उम्मेदवारबीचको कडा प्रतिस्पर्धा, दल परिवर्तनको प्रभाव र मतदाताको बदलिँदो चाहनाले पर्सा-१ को निर्वाचन यसपटक अझै रोचक र ध्यानाकर्षक बनाएको छ ।

## पर्सा-३ मा एमाले उम्मेदवार रुपेश पाण्डेको चुनावी अभियान तीव्र




**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,०९ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै पर्सा निर्वाचन क्षेत्र नं. ३ मा नेकपा एमालेका उम्मेदवार रूपेश पाण्डेले आफ्नो चुनावी अभियान तीव्र बनाएका छन् । उम्मेदवारी दर्ता गरेसँगै उनी मतदाताको घरदैलोमा पुगेर प्रत्यक्ष संवादमार्फत चुनावी प्रचार-प्रसारमा सक्रिय देखिएका छन् । स्थानीय विकास, रोजगारी सिर्जना र आर्थिक सशक्तीकरणलाई प्राथमिक एजेन्डा बनाएका पाण्डेले जनतासँग भेटघाट गर्दै उनीहरूका समस्या सुन्नुका साथै समाधानका ठोस योजनाहरू प्रस्तुत गरिरहेका छन् । व्यवहारिक सोच, व्यवसायिक अनुभव र संगठनात्मक क्षमताका कारण उनी परिणाममुखी र जिम्मेवार नेताका रूपमा उभिँदै गएको स्थानीयको भनाइ छ ।घरदैलो अभियानका क्रममा पाण्डेले शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा युवालाई स्वरोजगार तर्फ उन्मुख गराउने कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेका छन् । जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दामा केन्द्रित अभियानले मतदातामाझ सकारात्मक सन्देश प्रवाह भइरहेको देखिन्छ । यस निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका सुरेन्द्रप्रसाद चौधरी, नेकपा (एकीकृत समाजवादी) का छोटेलाल यादव, र ाष्ट्रिय स्वतन्त्र पार्टीका रमाकान्त चौरसिया तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका नवीनकुमार सिंह प्रतिस्पर्धामा रहे पनि एमाले उम्मेदवार पाण्डेप्रति युवापुस्ता सहित विभिन्न वर्गको आकर्षण बढ्दै गएको बताइन्छ । स्थानीयवासीहरूले विकासमा स्पष्ट दृष्टिकोण, इमानदार नेतृत्व र स्थायित्वको पक्षमा मतदान गर्ने अपेक्षा व्यक्त गरिरहेका छन् । नेकपा एमालेले अघि सारेको सुशासन, स्थिरता र समृद्धिको राष्ट्रिय एजेन्डालाई स्थानीय आवश्यकतासँग जोडेर प्रस्तुत गरिरहेका पाण्डेको सक्रिय चुनावी अभियानले पर्सा-३ को निर्वाचनलाई थप चासोपूर्ण बनाएको छ । बढ्दो जनसमर्थन र निरन्तर उपस्थितिका कारण एमाले समर्थकहरू पर्सा-३ मा जितप्रति आशावादी देखिएका छन् ।

## पर्सामा नेपाल-भारत सम्बन्धमा मिडियाको भूमिकाबारे विचार गोष्ठी सम्पन्न




**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,०९ माघ ।**

नेपाल-भारत सम्बन्ध सुदृढ गर्न मिडियाको भूमिका महत्वपूर्ण हुने विषयमा पर्सामा विचार गोष्ठी सम्पन्न भएको छ । पर्सा जिल्लाको वीरगन्जस्थित टाउनहल पार्टी प्यालेसमा अंकुश मिडिया प्रा. लि.को आयोजनामा बुधबार गोष्ठी सम्पन्न भएको हो । अंकुश दैनिकका अध्यक्ष दिपेन्द्र चौहानको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेल प्रमुख अतिथि रहेका थिए । गोष्ठीमा नेपाल-भारत पत्रकारिताबीचको सम्बन्ध, सीमावर्ती क्षेत्रमा समाचार संकलनका चुनौती, पत्रकारहरूको सुरक्षा, प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिताको भूमिकाबारे गहन छलफल भएको आयोजकले जानकारी दिएको छ । सहभागी वक्ताहरूले दुई देशबीचको ऐतिहासिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउन मिडियाले सकारात्मक, तथ्यपरक र उत्तरदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हरिहर विरही, नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल, भारतीय पत्रकार मण्डलका नेता तथा आईएफजे उत्तराखण्डका अध्यक्ष बाला भाष्कर, आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्का, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बंजारा, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल लगायत करिब ५० जना पत्रकार सहभागी थिए । आयोजकले जनाएको छ, गोष्ठीले सीमावर्ती क्षेत्रको पत्रकारिता थप जिम्मेवार, सुरक्षित र प्रभावकारी बनाउन आपसी सहकार्य आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

## पर्सा-२ का स्वतन्त्र उम्मेदवार राजेश्वर साहले उम्मेदवारी फिर्ता लिए




**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,०९ माघ ।**

पर्सा क्षेत्र नम्बर- २ बाट प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार राजेश्वर साहले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । आज स्वतन्त्र उम्मेदवार साहले आफ्नो उम्मेदवारी फिर्ता लिएका हुन् । उम्मेदवारी फिर्ता लिने समयावधिभित्र स्वतन्त्र उम्मेदवार साहले निवेदन दिएर आफ्नो उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत मधुसूदन आचार्यले बताए । अब निर्वाचन कार्यालयले सबै क्षेत्रको उम्मेदवारीको अन्तिम नामावली प्रकाशन गर्ने तयारी गरेको मुख्य निर्वाचनको कार्यालयले जानकारी दिएको छ । सबै उम्मेदवारलाई आजै चुनाव चिन्ह प्रदान गरिने मुख्य निर्वाचनको कार्यालयले जनाएको छ । उम्मेदवारी फिर्ता लिएका स्वतन्त्र उम्मेदवार साहले आफू कांग्रेस समर्थक रहेको र समन्वय नहुँदा उम्मेदवारी दिएको बताउँदै अब कांग्रेसका आधिकारिक उम्मेदवारलाई सघाउने बताएका छन् ।

## बीरगन्जमा खाद्यद्वारा ८३ सय ३७ क्विन्टल धान खरिद

**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,०९ माघ ।**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले ८ हजार ३ सय ३७ क्विन्टल धान खरिद गरेको छ ।शाखा प्रमुख पंकजकुमार झाका अनुसार पुस ६ देखि धान खरिद सुरु गरिएकोमा एक महिनाको अवधिमा यति परिमाणमा धान खरिद भएको हो । शाखाले यस वर्षदेखि टोकन प्रणालीबाट किसानको धान खरिद गरिरहेको छ । किसानलाई २ सय ७५ थान टोकन वितरण गरिएकोमा २ सय

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्ज युवा समाजद्वारा क्यान्सर पीडितलाई ५५ हजार रुपैयाँ सहयोग

**बीरगन्ज,०९ माघ ।**

वीरगन्ज युवा समाजले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत क्यान्सर पीडित बीरबहादुर धिमाललाई आर्थिक सहयोग प्रदान गरेको छ । मोरङको उर्लाबारी नगरपालिका-८, अठीयाबारीका निवासी धिमालको उपचारका लागि समाजले नगद ५५ हजार रुपैयाँ सहयोग गरेको हो । समाजका अध्यक्ष संजीव थापा, रकम संकलन संयोजक बिनोद धिमाल र सदस्यहरू रोशन गुप्ता, मनोज गुप्ता, सुशील सिंहसहितको टोलीले चितवनको भरतपुर महानगरपालिका-७ स्थित बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल पुगेर सहयोग हस्तान्तरण गरेका थिए । कार्यक्रमका क्रममा अध्यक्ष थापाले बताए, "हाम्रो सानो प्रयासले कसैको जीवन जोगिन सक्छ भने त्यो नै सबैभन्दा ठूलो धर्म हो । आगामी दिनमा पनि असहाय र विपन्न वर्गका लागि हाम्रो अभियान निरन्तर जारी रहनेछ ।" उनले वीरगञ्ज युवा समाजले उत्सव र कार्यक्रममा मात्र सीमित नरही विपद् र रोगबाट पीडितका लागि पनि सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रम संयोजक बिनोद धिमालले भने, "सेवा नै धर्म हो भन्ने भावनालाई आत्मसात गर्दै सहयोग गर्ने सम्पूर्ण हातप्रति धन्यवाद व्यक्त गर्दछौं ।" पीडित धिमालको परिवारले आर्थिक समस्या र उपचार कठिनाइका बाबजुद समाजको सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता मानवीय कार्यमा सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्न अपिल गरेका छन् ।

विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।

❖विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं
❖विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
❖विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं।
❖विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
❖सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
❖सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

**विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ् प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## अग्निपरीक्षामा दलहरू

फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा प्रमुख दलको अग्निपरीक्षा हुँदै छ । सत्तामा जान सिद्धान्त र विचार नमिल्नेसँग पनि गठबन्धन गरी चुनाव जित्ने वा चुनावलाई आफ्नो पक्षमा बनाउने अपवित्र कार्य नहुने भएको छ । दलहरूको वास्तविक हैसियत यस पटकको चुनावमा देखिने छ । आममतदाताले आफूलाई मन परेको दलको उम्मेदवारलाई भोट हाल्न पाउने छन् । विगतको जस्तो अपवित्र गठबन्धन नहुँदा यस पटक दलहरूको वास्तविक हैसियत स्पष्ट हुने छ । २०७२ सालमा नयाँ संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनमा प्रमुख राजनीतिक दलले नै गठबन्धन र तालमेल गर्दै सत्तामा पुगे । सत्तामा पुग्न पनि अपवित्र गठबन्धन गरे । सत्तामा पुगेपछि जनचाहना अनुसारको पवित्र कर्म गर्न सकेनन् । जसरी पनि गठबन्धन गरेर सत्तामा पुग्ने र गठबन्धन गरेर सत्ता टिकाउने कुर्सी मोहले दलको वास्तविक अवस्था पहिचान हुन सकेन । चुनावमा गठबन्धन गरेको कुरा आममतदातालाई मन परेको थिएन । मतदाताले आफूले रोजेको र खोजेको पार्टी र उम्मेदवारलाई भोट हाल्न नपाउँदा एक किसिमको असन्तुष्टिको अवस्था थियो । यो असन्तुष्टि हट्ने र मतदाताले आफ्नो विवेकसहित इच्छाएको पार्टीको उम्मेदवारलाई मत दिन पाउने भएसँगै नयाँ उत्साह थपिएको छ । पुराना प्रमुख राजनीतिक दल, नयाँ दल र स्वतन्त्र उम्मेदवारको वास्तविक शक्ति परीक्षण हुँदै छ । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीसहित विघटित संसद्मा प्रतिनिधित्व गर्ने र अधिकांश नयाँ राजनीतिक दलले गठबन्धन नगरी निर्वाचनमा होमिएका छन् । निर्वाचनमा सबै दलको साङ्गठनिक शक्ति र जनविश्वास परीक्षण हुने भएकाले आममतदाताको विश्वास जित्न निकै मेहनत गर्नुपर्ने अवस्था छ । विसं २०७४ को प्रतिनिधि सभा निर्वाचनमा एमाले र तत्कालीन नेकपा (माओवादी केन्द्र) अर्थात् हालको नेपाली कम्युनिस्ट पार्टी एउटै घोषणापत्र लिएर निर्वाचनमा गठबन्धन गरेको थिए । गठबन्धनकै बलमा झन्डै दुई तिहाइ मत हासिल गरेसँगै बिनाअवरोध मुलुक र मुलुकवासीले अपेक्षा गरेको काम हुने आशा गरिएको थियो । दुई दलबिच एकतासँगै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बने पनि आन्तरिक गुटगत विवादले अढाइ वर्षपछि दुई दल छुट्टिए । जनअपेक्षा अनुसार काम भएन । राजनीतिमा विकृति आयो । सत्ता र शक्तिको दुरुपयोग गर्ने प्रवृत्ति हाबी भयो । जनताको चाहना अनुसार मुलुक अगाडि बढेन । तीव्र असन्तुष्टि झाँगिँदै गयो । दलहरूले जनतालाई होइन सत्ता प्राप्तिलाई प्राथमिकताको विषय बनाए । यो क्रम रोकिएन । विसं २०७८ असारपछि राजनीतिक कोर्स बदलियो । सत्ता साझेदार कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाले २०७९ मा स्थानीय तहसँगै प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनमा गठबन्धन गरे । एमालेले राष्ट्रिय प्रजातन्त्र पार्टीसँग तालमेल गर्‍यो । यो तालमेलप्रति एमाले कार्यकर्ता नै असन्तुष्ट थिए । गठबन्धन बनाउने, भत्काउने र फेरि गठबन्धन बनाउने सत्ताको खेलले कुशासन, भ्रष्टाचार, अनियमितता र असन्तुष्टिलाई मात्र मलजल गर्‍यो । गएको पछिल्लो चरणमा प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा (एमाले) को गठबन्धन सरकार बन्यो । यो सरकार पनि विवादमुक्त हुन सकेन । लामो समयदेखि झाँगिएको असन्तुष्टि र आक्रोश नवयुवा (जेनजी) आन्दोलनको रूपमा पोखियो । मुलुक यथास्थिति ढङ्गले चल्न सकेन, नयाँ परिवर्तन खोज्यो । गएको भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले सत्ता गठबन्धन भत्कायो । मुलुक नयाँ चरणमा प्रवेश गरेसँगै प्रतिनिधि सभा सदस्यको नयाँ निर्वाचनमा होमिएको छ । अधिकांश सबै दल आफ्नै बलमा प्रतिस्पर्धामा उत्रेका छन् । सबैको धरातलीय यथार्थ परीक्षण हुँदै छ । निर्वाचनपूर्व सत्ता स्वार्थकेन्द्रित गठबन्धनले दलहरूको वास्तविक अवस्था परीक्षण हुन सक्दैन । निर्वाचनपूर्वको गठबन्धन उचित होइन । गठबन्धनका नाममा नेपालमा पछिल्ला निर्वाचनमा जुन अभ्यास भए, यसप्रति आममानिसमा वितृष्णा कायम भयो । दुईतीन जना नेताका बिचमा गठबन्धन गरेर कुर्सीको आदानप्रदान, स्वार्थका लागि मात्रै गठबन्धन भएको जस्तो आममानिसले अनुभूति गरे । जेनजी आन्दोलनपछि बल्ल यस पटक सबै पार्टीमा गठबन्धनतिर जानु हुँदैन भन्ने सवाल मुखरित भयो । दल गठबन्धन नगरिक नै उत्साहपूर्वक उम्मेदवारी दर्ता गराइसकेका छन् । निर्वाचन सम्पन्न भएपछि एउटै दलको मात्र बहुमत आएन भने सरकार निर्माणका लागि गठबन्धनसहितको सहकार्यको आवश्यकता हुन्छ । त्यस्तो अवस्थामा निर्वाचनपश्चात् सरकार बनाउन गठबन्धन हुने कुरालाई भने स्वाभाविक रूपमा लिनु पर्छ ।

# जेन-जी युगमा पहिचानको राजनीति



**कल्याण पराजुली**

नेपालको राजनीतिक इतिहासमा 'पहिचान' सधैं एउटा प्रश्न रहेको छ, शासनको औजार होस् वा अधिकारको आधार । राणाकालीन 'एक देश, एक भेष' देखि आधुनिक 'बहुलवादी संघीयता' सम्मको यात्राले यो प्रश्नलाई निरन्तर परिभाषित गर्‍यो । २०४६ को जनआन्दोलनले यसलाई सार्वजनिक बहसको विषय बनायो, २०६२/६३ को आन्दोलनले संवैधानिक मान्यता दिलायो र माओवादी जनयुद्धले यसलाई राज्य पुनःसंरचनाको केन्द्रीय सिद्धान्तका रूपमा स्थापित गर्‍यो । अहिले जेन-जीको युगमा, यही ऐतिहासिक पहिचानको राजनीति नयाँ प्रविधि, वैश्विक चेतना र 'व्यक्ति' तथा 'समूह' बीचको नयाँ तनावले परिभाषित हुँदै छ । यही ऐतिहासिक धरातलमा उभिएर अब युवा पुस्ताले आफ्नो पहिचानको राजनीतिलाई कुन राजनीतिक चेतना र जिम्मेवारीका साथ अघि बढाउनेछ ? २०८२ को चुनावी सन्दर्भमा 'पहिचान' अब केवल ऐतिहासिक रूपमा दमित समुदायको आवाज मात्र रहेन, यो सत्ता प्राप्ति र राजनीतिक गठबन्धन निर्माणको रणनीतिक औजार बनेको छ । परम्परागत दलहरूले आफ्नो आधार जोगाउन र नयाँ दलहरूले छिटो राजनीतिक उचाइ लिन पहिचानलाई प्राथमिक हतियारका रूपमा प्रयोग गरिरहेका छन् । यसले पहिचानको राजनीतिलाई अधिकार र समावेशिताको प्रश्नभन्दा पनि चुनावी गणनामा सीमित बनाउने खतरा देखाएको छ । यसको प्रत्यक्ष उदाहरण चुनावअघि नै देखिन थालेको छ । केही नयाँ 'राष्ट्रवादी दल' हरूले मधेशी जिल्लाहरूमा ऐतिहासिक आन्दोलनको भावनालाई नयाँ राजनीतिक 'ब्रान्ड' मा रूपान्तरण गर्न 'एक मधेश, एक पहिचान' जस्ता सरल तर प्रभावकारी नाराको प्रयोग गरिरहेका छन् । उनीहरूको रणनीति स्पष्ट छ, पहिलेदेखि मधेशी प्रतिनिधित्व गर्ने दलहरूलाई 'सम्झौतावादी' भन्दै चुनौती दिनु र आफूलाई 'अटल' तथा 'शुद्ध' आन्दोलनकारी विकल्पका रूपमा प्रस्तुत गर्नु । यसले मधेशी राजनीतिभित्रै 'पहिचान शुद्धता' को प्रतिस्पर्धा सिर्जना गरेको छ । जहाँ नीति, कार्यक्रम र कार्यान्वयनभन्दा पनि को कति कट्टर देखिन्छ भन्ने कुरा प्रधान बन्दै गएको छ ।

यस्तै प्रवृत्ति प्रमुख वैकल्पिक शक्तिहरूमा पनि देखिन्छ । कतिपय दलहरूले जातीय अभिमानलाई प्रत्यक्ष राजनीतिक स्वार्थसँग जोडेर भोट बैंक निर्माण गर्न खोजिरहेका छन् भने अरूले क्षेत्रीय अस्मितालाई केन्द्र राजनीतिको विरुद्ध उभ्याउने माध्यम बनाइरहेका छन् । बहुलवादी राष्ट्रिय पहिचान सुदृढ गर्नुको सट्टा, यस्तो अभ्यासले एक-अर्काको विरुद्धमा राजनीतिक अस्मिताका भित्ताहरू अग्ल्याइरहेको छ । दीर्घकालीन राज्य निर्माणको सट्टा, 'पहिचान' चुनावी सफलताका लागि 'कमोडिटी' जस्तो प्रयोग हुन थालेको देखिन्छ । यस सम्पूर्ण समीकरणमा जेन-जी एक निर्णायक तर जटिल समूहका रूपमा उभिएका छन् । उनीहरू पहिचानप्रति सचेत छन्, तर त्यो पहिचान प्रायः एकल जातीय वा क्षेत्रीय सीमाभन्दा बाहिर विस्तार भइरहेको छ (डिजिटल नागरिकता, लैंगिक समानता, वातावरणीय न्याय र वैश्विक दृष्टिकोणसँग गाँसिएर) । तर राजनीतिक दलहरूले यस जटिलतालाई सरल राजनीतिक सूत्रमा झार्न खोजिरहेका छन् । सामाजिक सञ्जालमा 'ट्रेन्ड' हुने पहिचानमा आधारित मुद्दा उचाल्ने, निश्चित समुदायका 'युवा अनुहार' लाई अगाडि सार्ने र लक्षित डिजिटल सामग्रीमार्फत मतदाता समात्ने रणनीति बढ्दो छ । यसरी जेन-जीलाई एजेन्डा सेटरभन्दा पनि रणनीतिक लक्ष्यका रूपमा हेरिएको आभास हुन्छ । यो तरिका नयाँ होइन । इतिहासमा पनि नेपाली युवालाई विभिन्न राजनीतिक उद्देश्यका लागि 'उत्पादन' बनाइएको छ । २००७ सालको प्रजातन्त्रका लागि आन्दोलनमा विद्यार्थी युवाहरू अग्रिम पंक्तिमा परे, तर शान्ति र संविधानसभाको दीर्घ प्रक्रियामा उनीहरूको आकांक्षा प्रायः पृष्ठभूमिमा धकेलिएको थियो । त्यस्तै, माओवादीद्वारा सुरु गरिएको जनयुद्धले ग्रामीण युवाहरूको आक्रोश र ऊर्जालाई सैन्य र राजनीतिक साधनका रूपमा प्रयोग गर्‍यो, जसको दीर्घकालीन मानवीय मूल्यांकन भने अपेक्षित रूपमा भएन । यी उदाहरणले युवा शक्तिलाई राजनीतिक परिवर्तनको 'इन्धन' बनाउने र दीर्घकालीन उत्तरदायित्वबाट टाढा रहने चलन नेपालको राजनीतिक संस्कृतिमा रहिआएको देखाउँछ । २०७२ को संविधानले पहिचानमा आधारित समावेशिताको ऐतिहासिक प्रतिबद्धता व्यक्त गरेको थियो । तर २०८२ को चुनावी अभ्यासले संविधानको भावना र व्यवहारबीचको खाडल उजागर गरेको छ । संविधानले समूहगत अधिकारमार्फत सामूहिक पहिचानलाई सशक्तीकरणको आधार बनाउने प्रयास गर्‍यो तर हालको राजनीतिले यसलाई समूहगत भोट बैंकमा सीमित पार्ने संकेत दिएको छ । संघीय संरचनाको सफल कार्यान्वयन आफैंमा चुनौतीपूर्ण रहँदा धेरै दलहरूले त्यसैलाई आफ्नो 'अपडेटेड' उम्मेदवारी ढाँचाको उपकरण मात्र बनाइरहेका छन् । यस समस्याको समाधान केवल राजनीतिक दलहरूलाई दोष दिएर सम्भव छैन । समाधान बहुस्तरीय हुनुपर्छ । पहिलो, पहिचानलाई शून्य योगको खेल बनाउने प्रवृत्तिलाई चुनौती दिँदै संवादको संस्कृति विकास

बाँकी तेश्रो पृष्ठमा⇨

# कस्तो आउनुपर्छ घोषणापत्र ?

**सञ्जीव हुमागाईं**

लेखेर के हुन्छ ? विकास हुन्छ ? जान-अन्जानयस्ता प्रश्नहरू यत्रतत्र सोधिन्छ । म प्रतिप्रश्न गर्न चाहन्छु- २१ औं शताब्दीमा लिखित योजनाबिना देश कसरी विकसित हुन्छ, एउटा मात्र उदाहरण देखाइदिनुहोस् । देशलाई सही दिशामा लैजान पूर्ण पालना गरिने लिखित योजना पहिलो र अनिवार्य सर्त हो । साउदी अरेबियाले प्राकृतिक स्रोतमा आधारित आफ्नो अर्थतन्त्रलाई विविधीकरणमार्फत सेवा क्षेत्रमा लैजाने उद्देश्यका साथ सन् २०१६ मा ल्याएको 'साउदी भिजन, २०३०' नै लिखित भिजन किन, कति र कसरी प्रभावकारी हुन्छ भन्ने ज्वलन्त उदाहरण हो । हाम्रो देशमा सबैभन्दा धेरै चर्चा हुने कोरियाली विकास मोडेलको आधारशिला पनि सन् १९६० को दशकमा सुरु भएका पञ्चवर्षीय योजना नै थियो । त्यसैगरी, सिंगापुरको विकासमा पनि सन् १९७१ मा प्रस्तुत भएको 'कन्सेप्ट प्लान' जस्ता आधारभूत लिखित योजनाहरू नै निर्णायक थिए । सन् १९५० देखि आर्थिक विकास गरेका प्रायः सबै देशको अनुभव हेर्ने हो भने लिखित योजनाहरू नै निर्णायक रहेका छन् । हो, ती योजनाहरू सफल हुनुका पछाडि योजनाको महत्त्व बुझेका नेतृत्वको दृढ संकल्प थियो । अब हामी एकअर्कालाई प्रश्न गरौं आर्थिक, सामाजिक एवं राजनीतिक अवस्थामा आमूल रूपान्तरण गर्ने अठोटका साथ सिंगो देश नै होमिएको यो निर्वाचनको संघारमा हामीलाई लिखित योजनाको महत्त्वलाई शंका गर्ने स्वतन्त्रता छ ? छैन, कदापि छैन । अब अर्को एउटा तीतो यथार्थलाई पनि चिरफार गरौं । नेपालमा विकासको गफ धेरै भयो, योजना धेरै लेखिए तर छलफल, संवाद वा योजना तर्जुमाको गल्ती नगरौं भन्ने एउटा जबर्जस्त भाष्यलाई चिरौं । संवाद गर्नु, लिखित योजना तर्जुमा गर्नु विकासको एक मात्र मार्ग हो । संसारका धेरै देशहरूमा नतिजा दिएको यो मार्गले हाम्रोमा किन नतिजा दिन सकेन ? एकै रोग लागेका धेरैले एकै औषधि खाए । प्रायः सबैलाई निको भयो । एक-दुई जनालाई निको भएन भने औषधिलाई गाली गर्ने कि बिरामीका अन्य समस्यालाई हेर्ने ? इतिहासले हामीलाई सोधिरहेको प्रश्न हो ।

हाम्रो संवादमा समस्या थियो कि ? हाम्रो योजनामा समस्या थिए कि ? उपयुक्त योजना तर्जुमा हुनु नसक्नुका कारणहरू के थिए ? योजना सही थिए भने किन कार्यान्वयनमा आउन सकेनन् ? अहिले हामीले गर्नुपर्ने प्रमुख प्रश्नहरू यिनै होइनन् ? फेरि, योजनाविहीन नेतृत्वले देश परिवर्तन गर्ने पक्कै होइन होला । अनि त्यस्ता योजना भएका नेतृत्वले आफ्ना योजनालाई घोषणापत्रमा लेख्नु, त्यसको बचाउ गर्नु र परिस्करण गर्नु स्वाभाविक होइन र ? निर्वाचनपूर्व घोषणापत्र सार्वजनिक गर्नुको प्रमुख उद्देश्य पनि यही होइन र ?

निर्वाचनमा घोषणापत्र प्रस्तुत गर्ने अभ्यास प्राचीन रोमकालदेखि नै सुरु भएको थियो । बेलायतमा सन् १८३४ मा सर रोबर्ट पिलले सार्वजनिक गरेको टमवर्थ घोषणापत्रलाई पहिलो आधुनिक राजनीतिक घोषणापत्र मानिने गरिन्छ । यो मूलतः दक्षिणपन्थी घोषणापत्रको थियो भने त्यसको १५ वर्षपश्चात् कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा प्रस्तुत कम्युनिस्ट घोषणापत्र प्रकाशन भएसँगै राजनीतिक विचार र त्यसका आधारमा नीति घोषणाको नयाँ इतिहासको सुरुवात भयो ।

आमसञ्चारको विकाससँगै राजनीतिक दलहरू मतदाताका अगाडि आफ्नो प्रतिबद्धता प्रस्तुत गर्न लिखित, मौखिक तथा दृश्य-श्रव्य माध्यमहरूको व्यवस्थित प्रयोगतर्फ उन्मुख भए । खासगरी राष्ट्रपतीय शासन प्रणाली भएका देशहरूमा राष्ट्रपतिका उम्मेदवारहरूबीच प्रत्यक्ष टेलिभिजन बहसलाई उच्च प्राथमिकता दिए भने संसदीय शासन प्रणाली भएका देशहरूमा व्यक्तिभन्दा पनि दलको विचार र नीतिलाई एकीकृत रूपमा पेस गर्ने र त्यसका आधारमा निर्वाचनमा प्रतिस्पर्धा गर्ने विधि पद्धति बस्यो । मूलतः युरोप र बेलायतको राजनीतिक प्रभाव रहेको दक्षिण एसियामा निर्वाचनपूर्व घोषणापत्रको अभ्यास संस्थागत भएको छ, लोकप्रिय रहेको छ । युरोपका धेरै देशहरूमा गठबन्धनमा सरकारहरू बन्ने गरेका छन् । दुई वा सोभन्दा धेरै दलहरूले सरकार निर्माण गर्दा आफूहरूले निर्वाचनमा घोषणापत्रका आधारमा साझा कार्यक्रम तर्जुमा गर्दछन् । खासमा घोषणापत्रमा उल्लेख गरेका प्राथमिकताका आधारमा कुन-कुन दलसँग सरकार बनाउन सहकार्य गर्ने वा नगर्ने निर्धारण गर्दछन् । अर्थात् घोषणापत्रको उपयोगिता केवल निर्वाचन अवधिमा नागरिक संवादका लागि मात्रै होइन, त्यसपछि पनि दलहरूको सहकार्य, सरकार निर्माणलगायत सबै राजनीतिक गतिविधिलाई निर्धारण गर्ने प्रमुख आधार हो । **कस्तो हुन्छ जीवन्त घोषणापत्र ?** जीवन्त घोषणापत्रको विशेषताको चर्चा गर्नु अगाडि राजनीतिक दलहरूलाई सचेत बनाउनैपर्ने प्रस्ट विषय छ । यो निर्वाचनमा पात्रका बारेमा चर्चा गर्ने, पक्ष-विपक्षी, मित्र र दुश्मन, पुरानो र नयाँ, विदेशी चलखेल आदिमा मात्रै अलमल्याउने र देशले खेपिरहेको आर्थिक, सामाजिक एवं राजनीतिक समस्या न्यूनीकरण एवं समाधानलाई छायामा पार्ने राजनीति कदापि स्वीकार्य छैन । त्यो पुरानो राजनीति हो । नेपाली जनता पुरानो राजनीतिको उन्मूलन चाहन्छन् । पहिला पात्र फेरौं, अनि नीति फेर लैला भन्ने उधारो आश्वासन पनि स्वीकार्य छैन । मतदानका लागि अझै ४० दिनभन्दा धेरै समय बाँकी छ, तपाईंहरूका जे-जति भिजन छन्, प्रस्तुत गर्नुहोस् । नागरिकहरू दलका भिजन सुन्न, बुझ्न र तुलना गर्न आतुर छन् । एउटा जीवन्त घोषणापत्र त्यस्तो हुन्छ, जसको जरा वा इतिहाससँगको चिनारी प्रस्ट होस् । वर्तमान राजनीतिक र प्रशासनिक प्रणाली, आर्थिक तथा सामाजिक सन्दर्भमा आधारित सुधारका विचार, नीति र कार्यक्रम हुन् । यो नै घोषणापत्रको शरीर

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## युरोपेली देशमाथिको भन्सार शुल्क वृद्धिबाट पछि हटे ट्रम्प

*काठमाडौं, ०९ माघ ।*

युरोपेली देशमाथि भन्सार शुल्क बढाउने चेतावनीबाट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पछि हटेका छन् । उनले यसअघि ग्रिनल्यान्ड कब्जा गर्ने आफ्नो योजनामा असहमत हुने युरोपेली देशमाथि भन्सार शुल्क वृद्धि गर्ने योजना गरेका थिए ।१ फेब्रुअरीदेखि ती देशबाट आउने सामाग्रीमा १० प्रतिशत भन्सार लगाइने र उक्त शुल्क वृद्धि भएर २५ प्रतिशतसम्म पुग्नसक्ने उनको चेतावनीथियो । तर, बुधबार उत्तर एटलान्टिक सन्धी संगठन(नेटो) का महासचिव मार्क रुट्टीसागको भेटपछि उनले भन्सार वृद्धि गर्ने कुनै योजनानरहेको बताए ।

उनले ग्रिनल्यान्ड रआर्कटिक क्षेत्रको भविष्यको सहमतिबारे साझा आवधारणा बनाउने विषयमा नेटोका महासचिवसँगछलफल भएको जानकारी सामाजिक सञ्जाल ट्रुथमार्फत दिएका छन् । उनले यस अवधारणाबारे विस्तृतमा केही बताएनन् । ' यदीयो समाधान निकाल्न सकियो भने अमेरिका र सबै नाटो सदस्य राष्ट्रका लागि महान्उपलब्धि हुनेछ,'



स्विचरल्यान्डको डाभोसमा विश्व आर्थिक फोरमकोसाइडलाइनमा रुट्टीसँग भेटपछि ट्रम्पले लेखेका छन् । यस अवधारणाले सुरक्षा, स्रोत-साधनर सबै विषयमा सम्बोधन गर्ने उनले दाबी गरेका छन् । डेनमार्कका विदेशमन्त्री लार्स लोक्कीरोस्मुसेनले यस भेटवार्ताले राम्रो संकेत गरेको बताएका छन् । 'सुरुहुँदाको भन्दा राम्रोगरी दिनको अन्त्य हुँदैछ,' उनले जारी गरेकोविज्ञप्तिमा भनिएको छ,'अब आर्कटिकमा डेनमार्क अधिराज्यको सीमालाईमध्यनजर गर्दै अमेरिकी सुरक्षा चासो सम्बोधन गर्ने बाटो कसरी खोज्ने भन्नेबारेवार्ता गरौं ।' अमेरिकी सञ्चारमाध्यमहरुले ग्रिनल्यान्डमाअमेरिकाका थप सैन्य अड्डाहरु निर्माण गर्ने योजना बन्नसक्ने बताएका छन् । डेनमार्कर अमेरिकाबीचको विद्यमान सम्झौताअनुसार ग्रिनल्यान्डमा अमेरिकाले चाहेजति सेनालाईल्याउनसक्छ । अहिले ग्रिनल्यान्डस्थित पिटुफिक बेसमा १ सय हाराहारीमा अमेरिकीसुरक्षाकर्मी स्थायी रुपमै बसेका छन् । डेनमार्कको सदनमा ग्रिनल्यान्डका दुईमध्ये एक सांसद्ले आफ्नो टापुको मिनिरल्स र स्रोत-साधनबारेनाटोसँगको वार्ताको औचित्यबारे प्रश्न उठाएकी छिन् । 'ग्रिनल्यान्डकोसहमति नलिई अन्य पक्षसँग ग्रिनल्यान्डबारे वार्ता गर्ने अधिकार नाटोलाइ छैन । हामीबिना हाम्रो विषयमा केही पनि निर्णय हुँदैन,' आजा केमनिट्सलेभनिन् ।

## ताकाइचीद्वारा संसद् विघटन, जापानमा मध्यावधि चुनाव



*काठमाडौं, ०९ माघ ।*

जापानका प्रधानमन्त्री साने ताकाइचीले शुक्रबार संसदको तल्लो सदन विघटन गर्दै फेब्रुअरी ८ मा मध्यावधि (स्न्याप)चुनाव गराउने मार्ग प्रशस्त गरेकी छन् । यो निर्णय हालैका वर्षहरूमा ठूलो नोक्सानी व्यहोरेको शासक दललाई पुनः सुदृढ बनाउने उद्देश्यले उहाँको उच्च लोकप्रियताको सदुपयोग गर्ने प्रयासका रूपमा हेरिएको छ । यद्यपि, यस कदमका कारण सङ्घरत अर्थतन्त्रलाई गति दिने र बढ्दो मूल्यवृद्धि नियन्त्रण गर्ने लक्ष्यसहितको बजेटमाथि छलफल र मतदान केही समय ढिलाइ हुने देखिएको छ । गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीका रूपमा निर्वाचित भएकी ताकाइचीले पदभार सम्हालेको तीन महिना मात्र भएको छ । तर यस छोटो अवधिमै उनले करिब ७० प्रतिशतको बलियो अनुमोदन दर कायम गर्न सफल भएकी छन्, जसलाई राजनीतिक रूपमा महत्त्वपूर्ण उपलब्धि मानिएको छ । प्रधानमन्त्री ताकाइचीले ताइवानसमर्थक टिप्पणी गरेपछि चीनसँग जापानको सम्बन्धमा चिसोपन बढ्दै गएको छ । साथै, वासिङ्टन र बेइजिङ दुवैले यस क्षेत्रमै सैन्य श्रेष्ठता कायम गर्न खोजिरहेका बेला संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको समीकरणका बीच उहाँले रक्षा क्षेत्रमा खर्च बढाउने चाहना व्यक्त गरिन् । चार सय ६५ सदस्यीय तल्लो सदन विघटनसँगै मङ्गलबारदेखि औपचारिक रूपमा १२ दिने चुनावी अभियान सुरु हुनेछ । सदनका अध्यक्ष फुकुशिरो नुकागाले विघटनको घोषणा गर्नासाथ उपस्थित सांसदहरू उभिएर ' बान्जाइ' अर्थात् 'दीर्घायु' भन्ने नारा तीन पटक लगाउँदै चुनावी तयारीका लागि तात्कालिक रूपमा सक्रिय भएका थिए ।

## ट्रम्पको "बोर्ड अफ पिस"मा पाकिस्तान सहभागी भएपछि देशभित्र मतभेद




*काठमाडौं, ०९ माघ ।*

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको पहलमा गठन गरिएको 'बोर्ड अफ पिस'मा पाकिस्तान सहभागी भएपछि त्यहाँ राजनीतिक र कूटनीतिक वृत्तमा मतभेद देखिएको छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफ विहीवार दावोसमा आयोजित 'बोर्ड अफ पिस'को आधिकारिक समारोहमा सहभागी भए । कार्यक्रममा पाकिस्तानी सेनाका फील्ड मार्शल सैयद आसिम मुनीर पनि उपस्थित थिए । ट्रम्पले भारत र पाकिस्तानसहित विभिन्न देशलाई गाजासम्बन्धी 'बोर्ड अफ पिस'मा सहभागी हुन आमन्त्रण गरेका थिए । भारत सरकारले भने यसबारे अझै कुनै निर्णय गरिसकेको छैन । तर पाकिस्तानले ट्रम्पको निम्तो स्वीकार गर्दै सहभागिता जनाएको हो । पाकिस्तानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा 'बोर्ड अफ पिस'मार्फत स्थायी युद्धविराम, फलस्तिनीहरूका लागि मानवीय सहायता विस्तार र गाजाको पुनर्निर्माणमा ठोस कदम चालिने अपेक्षा व्यक्त गरिएको छ । साथै, यी प्रयासले फलस्तिनी जनताको आत्मनिर्णयको अधिकार सुनिश्चित गर्न सहयोग पुग्ने पाकिस्तानको विश्वास छ ।

यद्यपि, ट्रम्पको पहलमा बनेको संयन्त्रमा सहभागी हुने निर्णयलाई लिएर पाकिस्तानभित्र समर्थन र आलोचना दुवै देखिएको छ ।

### जेन-जी युगमा.........

गर्न आवश्यक छ । युवाहरूलाई केवल मतदाता होइन, लोकतान्त्रिक भविष्यका सह-रचनाकारका रूपमा सहभागी गराउनुपर्छ । दोस्रो, नागरिक साक्षरताको नयाँ परिभाषाको नयाँ अध्याय सुरु गरिनुपर्छ । संवैधानिक अधिकार, संघीय शासन प्रणाली, डिजिटल मिडिया साक्षरता र आलोचनात्मक सोचलाई शैक्षिक तथा सार्वजनिक बहसको केन्द्रमा ल्याउनुपर्छ । यसले युवाहरूलाई पहिचानको राजनीतिका अवसर र दुरुपयोग दुवै बुझ्न सक्षम बनाउँछ । तेस्रो, मुद्दा आधारित राजनीतिमा जोड दिनुपर्छ । रोजगारी, शिक्षा, वातावरण र प्रविधिमैत्री नीति जस्ता विषयहरू पहिचानभन्दा कम महत्त्वपूर्ण होइनन् । युवाहरूले आफ्नो मत नारा होइन, नीतिगत स्पष्टता र कार्यान्वयन क्षमताका आधारमा प्रयोग गर्न थालेपछि मात्र राजनीति दिशानिर्देशित हुनेछ । अन्ततः, जेन-जीले नै समूहगत पहिचान र व्यक्तिगत स्वतन्त्रताबीच सन्तुलनको बाटो खोल्न सक्छन् । जब युवाहरूले आफूलाई एकल पहिचानको 'डाटाप्वाइन्ट' होइन, बहुआयामिक व्यक्तिका रूपमा प्रस्तुत गर्छन्, तब राजनीतिले पनि त्यही जटिलतालाई स्वीकार गर्न बाध्य हुन्छ । साभार ईकान्तिपुर ।

### कस्तो आउनुपर्छ.........

हो । त्यो मजबुत, स्वस्थ र फुर्तिलो हुन आवश्यक हुन्छ । कम्तीमा सम्बन्धित दलका नेता एवं कार्यकर्ताहरूको त्यसप्रतिको दृढ विश्वास एवं अपनत्व होस् । त्यो नै घोषणापत्रको प्राण, आत्मा हो । यसरी जरा, शरीर र आत्मा भएको घोषणापत्र जीवन्त हुन्छ नै । अब विस्तृतमा हेरौं । पहिलो, घोषणापत्रले अबका दिनको सुधार कुन विन्दुबाट सुरु गर्ने प्रस्ट रूपमा बोल्नुपर्छ । सबै गर्ने भन्ने, उपलब्ध सबै राम्रा नारालाई राखेर विद्यार्थीकालमा निबन्ध लेखेको जस्तो घोषणापत्रप्रति जनताका तिखा, तीता र अमिला टिप्पणीहरू छन् । यो निर्वाचनले कम्तीमा त्यसको क्रमभंगताको माग गरिरहेको छ । एउटा जीवन्त घोषणापत्रमा इतिहासको समीक्षा हुन्छ । कुनै पनि घोषणापत्र कुनै वैचारिक एवं सैद्धान्तिक धरातलमा निर्माण हुन्छ । खासमा, घोषणापत्रमा दोहोरिएका शब्दका आधारमा दलको विचारलाई लेखाजोखा गर्न गरिन्छ । जस्तै- एउटा घोषणापत्रमा राष्ट्रियता, सुरक्षा, कर्तव्यजस्ता शब्द धेरै छन् र अर्कोमा समानता, समाज कल्याण, पुनर्वितरणजस्ता शब्दहरू धेरै छन् भने पहिलोलाई दक्षिणपन्थी र दोस्रोलाई प्रगतिशील दलका रूपमा बुझिन्छ । घोषणापत्र नै दलको विचारलाई मापन गर्ने प्रमुख तथ्यांक स्रोत हो । जरा भएको घोषणापत्रले देशको समग्र आर्थिक, सामाजिक एवं राजनीतिक अवस्थालाई तथ्य र तथ्यांकमा रहेर निदान गरेको हुन्छ । यस्तो अवस्थामा सुधार वा परिवर्तन गर्न हाल राज्यले अंगीकार गरेको नीति, कार्यक्रमहरूको बारेमा निर्मम समीक्षा गरेको हुन्छ । अहिलेको सन्दर्भमा सोह्रौं पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को कार्यान्वयन वा संशोधनसहितको कार्यान्वयनको मोडेल अनिवार्य जरा हो । साभार ईकान्तिपुर ।

### निर्वाचन आयोग.........

भट्टराईले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बताए, "९८ वटा कन्टेन्ट हटाउन कारबाहीको लागि सम्बन्धित निकायलाई पत्राचार गरेका छौं । उनीहरूले यसलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् ।" तर, कुन-कुन सामग्री हटाउन भनिएको हो भन्ने बारेमा उनले विस्तृत जानकारी दिएनन् । उनले थपे कि पाठकलाई गलत सूचना नपुगोस् भनेर आयोग सक्रिय छ । फ्याक्ट चेकको लागि निजी कम्पनीसँग साझेदारी समेत गरिएको छ । निर्वाचन आयोगले आचारसहिता कार्यान्वयनका लागि विशेष कार्यदल गठन गरी काम गरिरहेको छ । भट्टराईका अनुसार, सामाजिक सञ्जालमा आचारसंहिता उल्लंघन हुने गरी सामग्री पोस्ट गर्न नहुने प्रावधान पनि समावेश छ ।

### बीरगञ्जमा खाद्य.........

२५ वटी टोकनबाट धान खरिद भइसकेको छ । प्रत्येक किसानलाई ४० क्विन्टलको दरले धान खरिदको टोकन वितरण गरिएको छ । आउँदो तीन/चार दिनभित्रै लक्षित परिमाणका धान खरिद भइसक्ने उनले बताए । यस वर्ष शाखाले १० हजार क्विन्टल धान खरिदको कोटा पाएको छ । टोकन पाएका किसानबाट लक्ष्य अनुरुप धान नआए प्रतीक्षा सूचीमा राखिएका किसानबाट धान खरिद गरिने उनले बताए । शाखामा यस वर्ष पर्सा, बारा, रौतहट र सर्लाहीसम्मका किसानले धान बिक्रीका लागि ल्याएका छन् । यस वर्ष पनि शाखाले सोना मन्सुली धान मात्र खरिद गरिरहेको छ । सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले यस वर्ष प्रतिक्विन्टल ३ हजार ६ सय २८ रुपैयाँ ३३ पैसा निर्धारण गरेकाले शाखाले पनि सोही मूल्यमा खरिद गरिरहेको छ ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

# स्वास्थ्य

## भजाइनल सिस्टको कारण र उपचार

पाठेघरमा मासु पलाएको सुन्नुभएको होला । तर के तपाईंलाई थाहा छ योनीमा पनि मासु पलाउन सक्छ ? योनीमा मासु पलाउने समस्यालाई चिकित्सकीय भाषा ' भजाइनल सिस्ट' भनिन्छ । जसको बेलैमा पहिचान भयो भने सहजै उपचार हुन्छ । तर ढिलाइ भयो भने अवस्था नाजुक बन्न सक्छ ।

**के हो भजाइनल सिस्ट ?** योनी वा यसको वरपर तरल पदार्थले भरिएको गाँठो पलाउनुलाई 'भजाइनल सिस्ट' भनिन्छ । यो सानो, ठूलो र कुनै पहिचान गर्न नसकिने अति सानो आकारको देखा पर्न सक्छ । प्रायः प्रसवको समय, बच्चा जन्माइसकेका र रजोनिवृत्ति भएपछि यो समस्या देखिन सक्छ । **कारण** यो समस्याको कारण एउटा मात्र छैन । चोटपटक, संक्रमण र हर्मोनल परिवर्तनले हुनसक्छ । चोटपटक : प्रसवको समयमा बच्चा निस्किने क्रममा शल्यक्रिया गर्दा वा योनीको भित्तामा चोटपटक लागेर निस्कन सक्छ । यो समस्या आकस्मिक हुनसक्छ, जसको रोकथाम हुन सक्दैन । ग्रन्थीमा अवरोध : चोटपटक वा संक्रमणको कारण योनीमा चिप्लोपन गराउने बार्थोलियन ग्रन्थीमा अवरोध आई तरल पदार्थ जम्मा हुँदा मासु पलाउन सक्छ । जसलाई चिकित्सकीय भाषामा बार्थोलियन सिस्ट भनिन्छ । तुलनात्मकरुपमा यो सिस्ट सबैभन्दा बढी देखिन्छ । संक्रमण : यौन प्रसारित रोग जस्तै गोनोरिया र क्याल्मडियामा हुने कीटाणुले पनि योनी वा त्यसको वरपर मासु पलाउन सक्छ । त्यसैले यौन सम्बन्ध कायम राख्दा कण्डमको अनिवार्य प्रयोग गर्नुपर्छ । जन्मजात : कसैमा भने यो सिस्ट जन्मजात पनि हुनसक्छ । के कारणले देखा पर्छ भन्ने ठोस कारण पत्ता लागिसकेको छैन । **लक्षण** योनीमा मासु पलाउने बित्तिकै लक्षण देखाउँछ भन्ने हुँदैन । जुन स्वास्थ्य परीक्षण गर्दा बल्ल थाहा हुन्छ । कतिपय अवस्थामा भने केही लक्षण देखापर्छ । - योनीको वरपर मासुको डल्ला पलाउनु - यौन सम्बन्ध राख्दा, हिंड्दा, बस्दा, शौच गर्दा, टिस्यु पेपरले सफा गर्दा र टयाम्पुनको प्रयोग गर्दा दुख्ने र पोल्ने हुनसक्छ । - ज्वरो आउन सक्ने । **पहिचान** यो पहिचान गर्न सबैभन्दा पहिला आकार हेरिन्छ । आकारअनुसार

## जानकारी गराएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा जिल्ला पर्सा साबिक मधुवन मथवल गा.बि.स. वडा नं.५ हाल परिवर्तित ऐ. ऐ. सखुवाप्रसौनी गाउँपालिका वड नं. १ सिद्धपुर टोल निवासी सुमित्र कुमारी पन्तले आफुले श्री उच्च माध्यमिक विद्यालय जुडिबेला रौहटत्तबाट मिति २०७९ सालमा कक्षा ११ र १२ पास गरी उक्त कक्षाको Registration Number 683214103 Migration Serial Number 979762 भएको सक्कल **Migration Certificate** निकाली साथमा राखि रहेको अवस्थामा मिति २०८२।१०।०१ गतेका दिन दिउँसो २ बजेको समयमा बीरगंज बसपार्कबाट घण्टाघर सम्म पैदल हिडि जाने क्रममा हराएको हुँदा खोजतलास गरी पाउव भनि यस कार्यालयमा दिएको निवेदन अनुसार निजको उक्त विवरण भएको **Migration Certificate** खोजतलास गर्दा हाल सम्म फेला नपरेको व्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निर्माण कार्य गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

# निर्वाचन सफल पार्न सरकारले सबै शक्ति लगाएको छ : प्रधानमन्त्री



**काठमाडौं, ०९ माघ ।**

प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सफल बनाउन सरकारले सबै शक्ति लगाएको बताएकी छन् । शुक्रवार सशस्त्र प्रहरी प्रधान कार्यालयमा आयोजित सशस्त्रको २५ औँ स्थापना दिवस तथा रजत महोत्सव समारोहमा प्रधानमन्त्री कार्कीले भनिन्, 'निर्वाचन सफल पार्न सरकारले सबै शक्ति लगाएको छ ।' निर्वाचनमा एक थोपा पनि रगत बग्नु नहुने र कोही पनि घाइते नभइकन निर्वाचन सम्पन्न हुनुपर्ने कार्कीले बताइन् । उनले भनिन्, 'चुनावमा एक थोपा पनि रगत बग्नु हुँदैन, कोही पनि घाइते हुनु हुँदैन ।' कठिन भौगोलिक अवस्था र प्रतिकुल परिस्थितिमा पनि राष्ट्र सेवामा सक्रिय रहनु सशस्त्रको पहिचान रहेको प्रधानमन्त्रीले बताइन् । विगतको निर्वाचनमा जस्तै आसन्न निर्वाचनमा पनि सम्भावित सुरक्षा चुनौतीको विश्लेषण गरेर काम गर्न प्रधानमन्त्री कार्कीले सशस्त्र प्रहरीका सकलदर्जालाई निर्देशन दिइन् । उनले भनिन्, 'बदलिँदो सुरक्षा चुनौतीलाई ध्यानमा राखेर यो सङ्गठनलाई थप व्यावसायिक बनाउन जरुरी छ ।'

# निर्वाचन प्रहरी छनोटमा आवेदन दिनेहरूको सिआरएस जाँच सुरु



**काठमाडौं, ०९ माघ ।**

फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनको सुरक्षामा खटिने निर्वाचन प्रहरीको छनोट प्रक्रिया जारी छ । निर्वाचन प्रहरीमा भर्ना हुन १ लाख ९७ हजार ७२७ जनाले आवेदन दिएका छन् । अहिले सबै जिल्लामा निर्वाचन प्रहरीको छनौट प्रक्रिया चलिरहेको छ । माघ १२ मा निर्वाचन प्रहरीको नतिजा प्रकाशन गरिने प्रहरी प्रवक्ता (डीआईजी) अबि नारायण काफ्लेले बताए । यसपटकको निर्वाचनमा प्रहरीले १ लाख ३३ हजार ९८० जना निर्वाचन प्रहरी गर्दैछ । त्यसका लागी अर्थ मन्त्रालयले प्रहरीलाई ७ अर्ब १३ करोड रुपैयाँ बजेटको स्रोत सुनिश्चित गरेको छ । सशस्त्र प्रहरीले पहिलोपटक १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गर्दैछ । सशस्त्रले जिल्ला सुरक्षा समिति मार्फत भर्ना प्रक्रिया अघि बढाएको छ । दुवै सङ्गठनमा भर्ना हुन आवेदन दिएका मध्ये सुरुको चरणमा पास भएका १ लाख ८१ हजार प्रतिस्पर्धी अहिले लिखित र मौखिक परीक्षा दिँदै छन् । प्रहरी प्रधान कार्यालयले निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिनेहरूको सिआरएस (क्रिमिनल रेकर्ड सिस्टम) जाँच गर्न थालेको छ । सिआरएस चेक गर्दा अपराधमा संलग्न भएको वा फरार आरोपीबारे थाहा हुन्छ । सबै प्रतिस्पर्धीको सिआरएस हेर्ने काम भइरहेको प्रहरी प्रधान कार्यालयका एक जना उच्च अधिकृतले रातोपाटीलाई बताए । निर्वाचन प्रहरीहरूको लिखित र मौखिक परीक्षाको चरण चलिरहँदा जेनजी प्रदर्शनमा उच्छृङ्खल गतिविधि गर्नेहरू र आपराधिक गतिविधिमा संलग्न हुनेहरू पनि भर्ना हुन आएको आशङ्कामा सिआरएस हेर्न थालिएको हो । गृह मन्त्रालयका एक जना उच्च अधिकृत भन्छन्, 'आपराधिक पृष्ठभूमिका व्यक्ति भर्ना भएमा चुनावमा अनुशासन कायम गर्न समस्या हुने हुनाले सिआरएस जाँच गर्ने निर्णय भएको हो ।' यसपटक धेरै जिल्लामा माग संख्या भन्दा थोरैले आवेदन दिएका छन् । जिल्लागत संख्या पूर्ति गर्न छिमेकी जिल्लामा छनोट भएका निर्वाचन प्रहरीलाई खटाउने निर्णय गरिएको छ ।

# असल नियतले गरेको कामको जिम्मेवारी राज्यले लिन्छ : गृहमन्त्री अर्याल



**काठमाडौं, ०९ माघ ।**

गृहमन्त्री ओमप्रकाश अर्यालले असल नियतले गरिएको कामको जिम्मेवारी राज्यले बहन गर्ने बताएका छन् । शुक्रबार सशस्त्र प्रहरीको २५ औं स्थापना दिवस र रजत महोत्सवको अवसरमा हलचोकमा आयोजित समारोहमा बोल्दै गृहमन्त्री अर्यालले भने, 'असल नियतले गरिएको कामको जिम्मेवारी राज्यले वहन गर्नेछ ।' सशस्त्र प्रहरीलाई परेको समस्याको समाधान खोज्न गृह मन्त्रालय लागिपरेको उनले बताए । अर्यालले भने- 'सीमा सुरक्षा लगायत सशस्त्रले गर्ने सुरक्षाको सम्पूर्ण जिम्मेवारीमा बाधक होइन साधक बनेर कुनै पनि कुरालाई रचनात्मक साथ र सहयोग गरिरहेका छौँ ।' सीमा सुरक्षाको लागी नयाँ बोर्डर आउट पोस्ट विस्तार र विद्यमान बीओपीको आधुनिकीकरण गर्नेतर्फ मन्त्रालयको ध्यान केन्द्रित रहेको उनले बताए । राष्ट्र निर्माण कुनै एक निकायको प्रयासबाट सम्भव नहुने उल्लेख गर्दै उनले भने, 'सुरक्षा निकायको शक्ति केवल हतियारमा मात्र मात्र नभएर नैतिक इमानदारिता र बौद्धिकतामा हुन्छ ।'सीमा नाका बासिन्दासँग सम्बन्ध प्रगाढ बनाउँदै सशस्त्रले सीमा सुरक्षालाई थप चुस्त बनाउने विश्वास आफूले लिएको मन्त्री अर्यालले बताए ।

# सभापति थापालाई मधेशबाट प्रतिनिधिसभा उम्मेदवार बनाउने पार्टीको निर्णय



**काठमाडौं, ०९ माघ ।**

नेपाली कांग्रेसले सबै नेपालीको भावना प्रतिनिधित्व गर्नका लागि आसन्न प्रतिनिधिसभा निर्वाचनमा सभापति गगनकुमार थापालाई सर्लाही-४ बाट उम्मेदवार प्रस्ताव गरेको जनाएको छ । नवनिर्वाचित केन्द्रीय कार्यसमितिको शुक्रबारको बैठकमा सहभागी हुन सानेपा पुगेका महामन्त्री प्रदीप पौडेलले सभापति थापालाई मधेशबाट उम्मेदवार बनाउने निर्णयको कारण स्पष्ट पार्दै भने, "नेपालभित्र सबै नेपालीको भावना प्रतिनिधित्व गर्नका लागि यो निर्णय गरेका छौं ।

हामी हाम्रो सभापतिलाई मधेशमा उभ्याएर देश निर्माण गर्न चाहन्छौं । मधेश नेपालको जग हो, र यसबाट देशको घर निर्माण गर्न सकिन्छ ।" महामन्त्री पौडेलका अनुसार सभापति थापालाई मधेशबाट उम्मेदवार बनाउँदा मधेशका मुद्दामा ध्यान आकृष्ट हुने र देशलाई एकीकृत बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । उनले थपे, "यसले नयाँ भावनाको सिर्जना गर्ने, मधेशको महत्व स्थापित गर्ने र यस क्षेत्रका प्राथमिक मुद्दाहरूलाई प्रष्ट पार्ने अवसर प्रदान गर्नेछ ।" पौडेलले विश्वास व्यक्त गरे कि सभापति थापा सर्लाही-४ बाट निर्वाचित भएमा देश नयाँ संकल्प र दिशा लिएर अगाडि बढ्नेछ ।

# बर्दियामा तीन जनाको उम्मेदवारी फिर्ता



**काठमाडौं, ०९ माघ ।**

बर्दियामा प्रतिनिधि सभाको निर्वाचनका लागि तीन जनाले उम्मेदवारी फिर्ता लिएका छन् । एक जना उम्मेदवारको उम्मेदवारी खारेज भएको छ । बर्दिया क्षेत्र १ मा प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवार राजु रानाभाटले उम्मेदवारी फिर्ता लिनुभएको छ । क्षेत्र २ मा प्रगतिशील लोकतान्त्रिक पार्टीकै उम्मेदवार नेत्रराज आचार्य र स्वतन्त्र उम्मेदवार नुतनकुमार चौधरीले उम्मेदवारी फिर्ता लिनु भएको हो । त्यसैगरी आम जनता पार्टीका उम्मेदवार रामेश्वर चौधरीको उम्मेदवारी खारेज भएको छ । चौधरीको नाम सरकारी निकायमा कालोसुचीमा रहेकाले उम्मेदवारी खारेज भएको बर्दिया क्षेत्र २ निर्वाचन कार्यालयले जनाएको छ । उम्मेदवारी खारेजीपछि बर्दिया क्षेत्र २ मा १५ जना उम्मेदवारबिच प्रतिस्पर्धा हुने भएको छ । १५ जनामध्ये उम्मेदवार नेकपा (एमाले) बाट विमला विक. र नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) बाट निता शर्मा महिला उम्मेदवार रहेका छन् । बर्दिया क्षेत्र १ मा एक जनाको उम्मेदवारी फिर्ता भएपछि २१ जना उम्मेदवारबिच प्रतिस्पर्धा हुने भएको छ । २१ जना उम्मेदवारमध्ये नेपाल मजदुर किसान पार्टीबाट पवित्रा शाही, नेकपा (माओवादी) बाट तिमोथी चौधरी, नेपाल जनमुक्ति पार्टीबाट चन्द्राकुमारी राजगुरु र मंगोल नेशनल अर्गनाइजेसनबाट ज्योती योन्जन गरी चार जना महिला उम्मेदवार छन् ।

# बदल्यौं कांग्रेस, बदल्छौं देश : सभापति गगन थापा



**काठमाडौं, ०९ माघ ।**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफूहरुले कांग्रेस बदलेको र अब देश बदल्ने बताउनुभएको छ । शुक्रबार पार्टी कार्यालय सानेपामा सभापति पदको कार्यभार सम्हाले लगत्तै उहाँले यस्तो बताउनुभएको हो । 'बदल्यौं कांग्रेस, बदल्छौं देश' उहाँले भन्नुभएको छ, 'यही संकल्पका साथ नयाँ यात्रा प्रारम्भ गर्दैछौं हामी । हाम्रो केवल एक ध्येय छ-देशको सम्मुन्नति ।'त्यसैगरी कांग्रेस केन्द्रीय कार्यसमितिले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारको रुपमा चुनावमा जाने निर्णयसमेत गरेको छ । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माको प्रस्ताव र उपसभापति पुष्पा भुसालको समर्थनमा सभापति गगनकुमार थापालाई पार्टीबाट प्रधानमन्त्रीको उम्मेदवारका रुपमा गर्नुभएको प्रस्ताव केन्द्रीय समितिले पारित गरेको हो । विशेष महाधिवेशनबाट नयाँ पदाधिकारी र केन्द्रीय सदस्य चयन गरेपछि पार्टी सभापतिसहितका पदाधिकारीले शुक्रबार पदबहाली गरेका छन् । पदाधिकारी र केन्द्रीय सदस्यको पदबहालीपछि बसेको केन्द्रीय कार्यसमिति बैठकले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारका रुपमा अगाडि सार्ने निर्णय गरेको हो ।

# निर्वाचन आयोगले सामाजिक सञ्जालका ९८ सामग्री हटाउन पत्राचार

**काठमाडौं, ०९ माघ ।**

निर्वाचन आयोगले सामाजिक सञ्जालमा पोष्ट भएका ९८ वटा सामग्री हटाउन सम्बन्धित कम्पनीलाई पत्राचार गरेको छ । आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार ती सामग्रीमा गलत सूचना (मिस-इन्फर्मेसन) र भ्रम फैलाउने सूचना (डिस-इन्फर्मेसन) रहेका कारण हटाउन अनुरोध गरिएको हो ।

बाँकी तेश्रो पृष्ठमा⇨

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा